**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २४ दिसम्बर २०२४

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मूले २६ दिसम्बरमा प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कारको निम्ति चयनित नानीहरूलाई पुरस्कृत गर्नुहुनेछ ।
२. एक राष्ट्र एक चुनाव सित सम्बन्धित दुई विधेयक माथी संयुक्त संसदीय समितिको पहिलो बैठक आगामी ८ जनवरीमा हुनेछ ।
३. मिरिक नगरपालिका क्षेत्रका नागरिकहरुलाई पर्याप्त खाने पानी उपलब्ध गर्ने लक्ष्य राख्दै आज ८० करोड ६५ लाख रुपियाँ लागतको अमृत जल परियोजनाको शिलान्यास गरिएको छ ।
४. रेलिङ च्याम्पियन ट्रफी सिजन-५ प्रतियोगिता आगामी ३१ डिसम्बर देखि शुरू हुनेछ।
५. पश्चिम बङ्गालमा क्रिसमसको दिन पनि शीतलहर जारी रहने छ ।

**राष्ट्रपति द्रौपदी मुर्मू-राष्ट्रिय बाल पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मूले २६ दिसम्बरमा प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कारको निम्ति चयनित नानीहरूलाई पुरस्कृत गर्नुहुनेछ । यी पुरस्कारहरूको सात श्रेणीमा असाधारण उपलब्धीहरूका लागि १४ राज्यबाट १७ जना नानीहरुको चयन गरिएको छ। महिला एवं बाल विकास मन्त्रालय अनुसार, २६ दिसम्बरमा वीर बाल दिवस मनाइनेछ। यो राष्ट्रिय कार्यक्रम नयाँ दिल्लीमा स्थित भारत मण्डपममा आयोजित गरिनेछ। यस अवसरमा प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कारको निम्ति चयनित १४ राज्यबाट १७ जना नानीलाई राष्ट्रपति द्रौपदी मुर्मूले पुरस्कार प्रदान गर्नुहुनेछ । यी पुरस्कारहरूको सात श्रेणीमा असाधारण उपलब्धीहरूका लागि १४ राज्यबाट सात जना बालक र १० जना बालिकाहरूको चयन गरिएको छ। यस अन्तर्गत प्रत्येक पुरस्कार विजेतालाई एक पदक, प्रमाणपत्र र प्रशस्ति पत्र पुस्तिका प्राप्त हुनेछ। यस कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदी पनि उपस्थित रहनुहुनेछ । यस अवसरमा प्रधानमन्त्रीले एक सुपोषित पञ्चायत योजनाको शुभारम्भ पनि गर्नुहुनेछ र मार्चपास्टलाई हरियो झण्डा देखाउनुहुनेछ ।यस कार्यक्रममा पी.एम.आर.बी.पी पुरस्कार विजेताहरू र गणमान्य व्यक्तिहरूको साथ लगभग ३५ सय नानीहरू सामेल हुनेछन्। उल्लेखनीय छ केन्द्र सरकारले हरेक वर्ष सात् श्रेणी- कला एवं संस्कृति, बहादुरी, नवाचार, विज्ञान एवं प्रौद्योगिकी, सामाजिक सेवा, खेल र पर्यावरणमा असाधारण प्रतिभा वा उपलब्धिका लागि नानीहरूलाई प्रधानमन्त्री राष्ट्रिय बाल पुरस्कार प्रदान गर्दछ।

****** ० ******

**एक राष्ट्र एक चुनाव विधेयक- संयुक्त संसदीय समिति**

एक राष्ट्र एक चुनाव सित सम्बन्धित दुई विधेयक माथी संयुक्त संसदीय समितिको पहिलो बैठक आगामी ८ जनवरीमा हुनेछ । ३९ सदस्यीय समितिमा लोकसभाका २७ र राज्यसभाका १२ सदस्य छन् । समितिले संसद्को आगामी अधिवेशनको अन्तिम साताको पहिलो दिन प्रतिवेदन बुझाउनेछ । समितिमा भाजपा नेता पीपी चौधरी, अनुराग सिंह ठाकुर र पुरुषोत्तम भाई रुपाला, कांग्रेस नेता प्रियंका गान्धी र मनिष तिवारी, टीएमसीका कल्याण बनर्जी, राकांपा शरद पवारकी सुप्रिया सुले र लोकसभाका अन्य सदस्यहरू सामेल छन्। संसदीय समितिमा भाजपाका घनश्याम तिवारी, भुवनेश्वर कलिता र के लक्ष्मण, कांग्रेसबाट रणदीप सिंह सुरजेवाला र मुकुल बालकृष्ण वासनिक, जद (यू) बाट सञ्जयकुमार झा र वाईएसआर कांग्रेसबाट भी विजयसाई रेड्डी रहेका छन् । यी विधेयकहरूलाई आधिकारिक रूपमा संविधान (एक सय उन्नीसौं संशोधन) विधेयक, २०२४ र केन्द्र शासित प्रदेश कानून (संशोधन) विधेयक, २०२४ को रूपमा नामकरण गरिएको छ।

****** ० ******

**प्रधानमन्त्री -मध्य प्रदेश भ्रमण**

पूर्व प्रधानमन्त्री अटल बिहारी बाजपेयीको एक सय औं जन्मजयन्तीको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदी भोलि मध्य प्रदेशको भ्रमणमा रहनुहुनेछ । प्रधानमन्त्री श्री मोदी ले खजुराहोमा बहुविकास परियोजनाको उद्घाटन तथा शिलान्यास गर्नुहुनेछ भने

उहाँले राष्ट्रिय परिप्रेक्ष्य योजना अन्तर्गत देशकै पहिलो नदी लाई जोड्ने राष्ट्रिय परियोजना केन बेतवा नदीको शिलान्यास गर्नुहुनेछ। प्रधानमन्त्री श्री मोदीले अटल बिहारी बाजपेयीको १०० औं जन्मजयन्तीको उपलक्ष्यमा स्मारक टिकट र सिक्का पनि जारी गर्नुहुनेछ। उहाँले एक हजार १ सय ५३ अटल ग्राम सुशासन भवनको पनि शिलान्यास गर्नुहुनेछ।

****** ० ******

**मिरिक -जल परियोजना शिलान्यास**

मिरिक नगरपालिका क्षेत्रका नागरिकहरुलाई पर्याप्त खाने पानि उपलब्ध गर्ने लक्ष्य राख्दै आज ८० करोड ६५ लाख रुपियाँ लागतको अमृत जल परियोजनाको शिलान्यास गरियो ।कार्यक्रमका मुख्य अथिति गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सभा का प्रमुख्य कर्यापल अनित थापा अनि मिरिक नगरपालिका अध्यक्ष एलबी राईको बाहुलीबाट परियोजना को शिलान्यास गरियो कार्यक्रमलाई सम्बोधन गर्नुहुदै श्री थापाले अब केहि समय भित्रनै मिरिक नगरवासीले पर्याप्त खानेपानी पाउन सक्ने बताउनु भयो । रांगभांग ताबाकोशी नदीबाट पानी आपूर्ति गरिने यस परियोजनामा बिभिन्न बुनियादी बिकासहरु समावेश छन् । मिरिकमा पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै मिरिक नगरपालिका अध्यक्ष एल बी राईले यो परियोजना मिरिक नगरपालिकावासीको निम्ति साथै आफ्नो करियरको सर्वाधिक महत्वपूर्ण उपलब्धि रहेको बताउनु भएको छ । कार्यक्रममा मिरिक नगरपालिकाका बिभिन्न विभागीय अधिकारीगण , सभासदगण , मिरिक पंचायत समितिका पदाधिकारीहरु उपस्थित थिए ।

****** ० ******

**अनित थापा -मिरिक नगरपालिका चुनाउ**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले मिरिक नगरपालिकाको चुनाउ आगामी मार्च अप्रेल महिनामा हुने संकेत दिनुभएको छ । उहाले सरकारी तौरमा नगरपालिकाको चुनाउ गराउन पहल गरिरहेको बताउनु भएको छ । आज मिरिकमा पत्रकारहरु संग बातचित गर्नुहुदै श्री थापाले मिरिक नगरपालिकाले पूर्ण नगरपालिकाको दर्जा पाउन जीटिए ले आधिकारिक प्रक्रिया शुरु गरेको र यसको समाधान पनि चाडै हुने बताउनु भएको छ ।

****** ० ******

**खर्सांग -सेमिनार**

खरसाङको गोर्खा जन पुस्तकालय भवनमा मत्स्य पालन सम्बन्धी एक महत्वपूर्ण सेमिनार सम्पन्न भयो । खरसाङको एक समाजिक संस्था साथी भाई केयर फाउन्डेसनको आयोजनामा सम्पन्न सेमिनारमा जूलोजिकल डिपार्टमेन्ट कोलकाता विश्वबिद्यालयका प्राध्यापकहरु लगायत बुङकुलुङ बस्ती, धजे बस्ती अम्बोटे चियाबारी लगायत खरसाङ क्षेत्रका बिभिन्न गाउँ बस्तीका मत्स्य पालकहरूले भाग लिएका थिए बुङकुलुङ फिसरिस मोडल भिलेज फिसरम्यान डेभलपमेन्ट कमिटिका महासचिव एनबी लिम्बूले उक्त सेमिनारमा पहाडमा पाइने गडेला , असला ,बुदुना ,कत्ला माछाहरूको संरक्षण साथै पहाडी खोला- नालामा पाईने अन्य माछाहरू सुरक्षित ढंगमा पालनको निम्ति अनुसन्धान गर्नुपर्ने बिषयमा प्रशिक्षकहरूले सैधान्तिक जानकारी प्रदान गर्नुभएको बताउनु भएको छ ।

****** ० ******

**रेलिंग -फुटबल**

गत बर्षहरू झैँ अपार सफतापछि रेलिङ च्याम्पियन ट्रफी सिजन ५ प्रतियोगिता आगामी ३१ डिसेम्बर २०२४ देखि शुरू हुने भएको छ। आज स्थानीय रेलिङ खेल मैदानमा रेलिङ युनाइटेड एसोसिएसनका मुख्य संरक्षक सतिश पोखरेलको बिशेष उपस्थितिमा भएको कार्यक्रममा एसोसिएसनका सभापति सन्तोष गुरूङ अनि महासचिव शैलेश राईको बहुलीबाट फिक्चर सार्वजनिक गरिएको छ। यस सिजनमा लोकल दलहरूलाई मुख्य रूपमा प्राथमिकता दिँदै दार्जिलिङ, कालेबुङ ,सिलगढी,सिक्किम , आसाम तथा छिमेकी राष्ट्र नेपालका मोठ १६ वटा उत्कृष्ट दलहरूले सहभागीता जनाउने भएका छन।

****** ० ******

**कालेबुंग -जन शिक्षा विस्तार**

जन शिक्षा विस्तार विभाग पश्चिम बंगाल सरकार र गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको संयुक्त आयोजनामा कालेबुङमा दुई दिवसीय नवौं राज्य स्तरीय खेलकूद महोत्सव सम्पन्न भएको छ । समारोहको समापन कार्यक्रममा राज्यका विभागीय मन्त्री जनाव सिडिकुला चौधरी मुख्य अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो भने कालेबुङका जिल्लापाल बलासुब्रमुन्यम टि लगायत स्थानीय जनप्रतिनिधि ,विभागीय अधिकारीहरु उपस्थित रहेका थिए। २३ डिसम्बरको दिन शुरुवात गरिएको कार्यक्रममा राज्यका विभिन्न होमहरुको नानीहरूले सहभागिता जनाएका थिए। पुरुषवर्गको खेल मेला ग्राउण्डमा सम्पन्न गरिएको थियो भने महिला वर्गको खेल

रोनाल्से ग्राउण्डमा सम्पन्न गरिएको थियो। कार्यक्रममा मुख्य अतिथिका रुपमा उपस्थित मन्त्रीले कार्यक्रमलाई सम्बोधन गर्नुहुदै विभागले नानीहरूको निम्ति सकारात्मक पहल गरिरहेको बताउनु भयो।

****** ० ******

**दार्जीलिंग -चिया बगान -भाजपा**

दार्जीलिंग पहाडका चिया बगानवासीहरुले  नकारेको पाँच डेसिमल पर्जा-पट्टा दिलाउनु को साटो  बन्द भएका चियाबारीहरु  खोलाउन पहल गर्नुपर्ने आवश्यकता माथी  भाजपा जिल्ला कमिटी सदस्य बिरेन्द्र तामाङले जोड़ दिनु भएको छ l बर्तामान  पहाडका विभिन्न चिया बगानहरुमा  पाँच डेसिमल जमीनको नापी भईरहेको सन्दर्भमा बोल्दै श्री तामाङले सरकारसग मिलेर पहाडभरी बन्द रहेको चियाबारी खोलाउने पहल गर्नुको साटो मजबुर बनेका गरिब जनताहरुलाई लोभ लालच देखाउदै पाँच डेसिमल जमिन नापी गर्ने प्रयास गरिरहेको आरोप लगाउनु भएको छ। उहाँले  चुङथुङ लगायत पहाडभरीमा हाल दशवटा चियाबारी बन्द आवस्थामा रहेको बताउनुहुदै , ती चियावारीहरु खोल्न पहाडमा सत्तारूढ दलले  कुनै चासो नदेखाउनु  दुर्भाग्यपूर्ण रहेको बताउनु भएको छ lश्री तामांगले पहाडका चिया बगानबासीहरुलाई  पाँच डेसिमलको साटो कमानवासीको सम्पुर्ण जमीनको पर्जा दिनुपर्ने माग गर्नुभएको छ l

****** ० ******

**पश्चिम बङ्गाल -मौसम**

पश्चिम बङ्गालमा क्रिसमसको दिन पनि शीतलहर जारी रहने छ। कोलकत्ताको आकाशमा आंशिक बादल लाग्नेछ भने बिहान हल्का हुस्सु लाग्ने सम्भावना रहेको छ। कोलकाताको अधिकतम तापक्रम २५ डिग्री सेल्सियस र न्यूनतम तापक्रम १७ डिग्री सेल्सियस रहने मौसम विभागले जनाएको छ।
दार्जिलिङ र अलिपुरद्वार जस्ता उत्तरी बङ्गालका जिल्लाहरू शीतलहरको चपेटामा परेका छन्। दार्जिलिङको अधिकतम तापक्रम १६ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ७ डिग्री सेल्सियस रहने अनुमान गरिएको छ।

****** ० ******